फोन नं. : ४४६५३६२, ४४६११७७
इमेल: sahakaribivag@gmail.com
वेबसाइट: www.deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं
(..................... शाखा)

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- १३५१

मिति: २०७९.०२.१२

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदुरपश्चिम प्रदेश- धनगढी, कर्णाली प्रदेश-सुर्खेत, गण्डकी प्रदेश-पोखरा, मधेश प्रदेश-जनकपुर र १ नं. प्रदेश-विराटनगर ।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, बाग्मती प्रदेश, हेटौडा ।
श्री आर्थिक मामिला तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश मुकाम, बुटवल ।
श्री महानगरपालिका, सबै ।
श्री उपमहानगरपालिका, सबै ।
श्री नगरपालिका, सबै ।
श्री गाउँपालिका, सबै ।

विषय :- सहकारी संघसंस्थामा सुशासन प्रवर्धनका लागि एकीकृत निर्देशन, २०७९ कार्यान्वयनमा आवश्यक समन्वय र सहयोग गरिदिने बारे ।

नेपालमा संघीयताको कार्यान्वयनसंगै सहकारी प्रशासनको संरचना समेत परिवर्तन भई संविधानले सहकारीलाई नियमन गर्ने अधिकार संघ, प्रदेश र स्थानीय तहमा विभाजन गरेको छ । हाल संघले नियमन गर्ने, प्रदेशले नियमन गर्ने र स्थानीय तहले नियमन गर्ने गरी देशभर २९ हजार ८ सय ८६ सहकारीहरु क्रियाशील रहेका छन् जसमध्ये संघीय सरकार अन्तर्गत १४७ (०.४१%), प्रदेश सरकार अन्तर्गत ६,००२ (२०.०८%) र स्थानीय तह अन्तर्गत २३,७५९ (७९.४९%) सहकारी संघ संस्था संचालनमा रहेका छन् । विगतमा विभाग अन्तर्गत रहेका सहकारी डिभिजन कार्यालयहरु खारेज भएपश्चात नयाँ संरचनामा आवद्ध सहकारीहरुको नियमन र प्रवर्धन तत तत् निकायहरुबाट भई रहेका छन् ।

सहकारी ऐन नियममा भएका व्यवस्थाको परिपालना गर्न गराउन, प्रभावकारी नियमन, नियमनमा एकरुपता र सहकारीहरुलाई थप व्यवस्थित, मर्यादीत र व्यवसायीक बनाउने उद्देश्यले सहकारी अभियानबाट प्राप्त राय सुझाव, छलफल एवं बैठक समेतको आधारमा सहकारीका स्थापित मूल्य, मान्यता र सिद्धान्तको अवलम्वन गर्दै सहकारीमा सुशासन प्रवर्धन गर्नका लागि एकिकृत निर्देशन जारी गर्न अत्यावश्यक महशुस भएकोले सहकारी ऐन, २०७४ को दफा २३, २५(ज), ९५(५) एवं सहकारी नियमावली, २०७५ को नियम ७२(३) र ७६ (झ) बमोजिम सहकारी विभागको मिति २०६९.०२.१२ निर्णयानुसार एकीकृत निर्देशन जारी गरिएको छ ।

सहकारी मूल्य मान्यता, र सिद्धान्त अनुरुप सहकारी संघसंस्थाको कृयाकलापहरुलाई जिम्मेवारीपूर्ण, इमान्दार, अनुशासित, पारदर्शी एवं विधिसम्मत तरिकाले संचालन तथा व्यवस्थापनमा सुधार गरी सहकारी संघसंस्थामा सुशासन प्रवर्धन गर्नका साथै सहकारी संघसंस्थाहरुले सहकारी कानूनको परिपालनामा थप प्रभावकारी बनाउनका लागि विभागवाट जारी एकीकृत निर्देशनलाई कार्यान्वयनको कार्यमा सहिजकरण गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

*पुनश्च: विभागवाट जारी एकीकृत निर्देशन, २०७९ को छायाँकपि यसैपत्र साथ सलग्न गरिएको छ ।*

२०७९.२.१२
(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार